नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाण्डौं
(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२५५४
४११२७१७
फ्याक्सः ४११२६५२
ईमेलःpressdoi8@gmail.com

प.सं.: २०७७/०७८
च.नं.: ११२

मितिः२०७७।०४।३२

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

विषयः विज्ञापनको नमूना पठाइएको सम्बन्धमा ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपित्रकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड -१९ रोग पछिल्लो समय नेपालमा समुदायस्तरमा देखा परिरहेको छ । यो रोग सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण भएको र हालसम्म यसको उपचारको औषधि पत्ता नलागेको हुँदा यसबाट सतर्क रहनु नै उत्तम उपाय भएकोले सो सम्बन्धी देहायका सचेतना मूलक सन्देशहरु प्रचार/प्रसारको लागि सम्पूर्ण वर्गीकृत पत्रपत्रिकारुले तुरुन्त प्रकाशन गर्ने व्यवस्था गर्नु हुन मिति २०७७।०४।३० को निर्णय अनुसार अनुरोध छ।

केशव राज शर्मा
शाखा अधिकृत

**बोधार्थः**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सातै प्रदेश मुकाममा रहेका हुलाक सेवा निर्देशनालय/कार्यालयहरु ।



Scanned with CamScanner

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

Scanned with CamScanner